# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १४९ | बुटवल | २०८३ जेठ १५ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday May 29, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला ।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**


# सांसदलाई विशेषाधिकार हटाउन विपक्षी दलहरूको माग



**लुम्बिनी संवाददाता**

*बुटवल*

सांसदलाई विशेषाधिकार दिने गरी प्रतिनिधिसभा नियमावलीको नयाँ मस्यौदामा प्रस्तावित प्रावधान हटाउन विपक्षी दलहरूले माग गरेका छन् । कांग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी, राप्रपा, श्रम संस्कृति पार्टीका सांसदहरूले छुट्टाछुट्टै रुपमा प्रतिनिधिसभा नियमावली उपर संशोधन राख्दै यस्तो माग गरेका हुन् ।

नेपाली कम्युनिस्ट पार्टीकी सांसद पार्वती विकले सांसदलाई विशेषाधिकार दिने गरी यसपटक थप गरिएका व्यवस्था हटाउन प्रस्ताव गरिएको बताइन् ।

सांसदहरूलाई अन्य नागरिक सरहका लागि आकर्षित हुने कानून नलाग्ने खालको प्रतिनिधिसभा नियमावली बनाउने तयारी भएपछि विपक्षीले सुरुदेखि नै विरोध गर्दै आएका छन् ।

प्रतिनिधिसभा नियमावली मस्यौदाको नियम २५९ मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सभा, समिति र सदस्यको हकमा यो नियमावली संघीय कानूनको रूपमा रही विशेष कानूनसरह लागू हुने' भनिएको छ ।

'यो नियमावली प्रतिनिधिसभा सदस्यको विशेषाधिकारको रूपमा रहने' विषय पनि प्रतिनिधिसभा नियमावलीमा छ । अर्थात्, प्रतिनिधिसभा सदस्यको विशेषाधिकारअन्तर्गत प्रचलित अन्य कानुनले सांसद पद निलम्बन हुने भनेर राखेको प्रावधानलाई काट्ने मनसायले नियम २५९ ल्याएको देखिन्छ ।

सम्पत्ति शुद्धीकरणको मुद्दा लागे पनि निलम्बन नगर्ने भन्नेलगायतका विषय बाहिर आएका छन् । प्रस्तावित नियम २५९ प्रतिनिधिसभाबाट पास भए विशेष कानुन भनेपछि सभामुखले चाहे भने सांसदले जे सुकै गरे पनि कारबाही नहुन सक्छ । सभामुखले नचाहे सम्पत्ति शुद्धीकरणको मुद्दा लागे पनि सांसद् पद निलम्बन नहुन सक्दछ ।

नियम २६० मा नियमावलीको व्याख्या छ । जहाँ भनिएको छ-'यस नियमावलीको व्याख्या गर्ने अधिकार सभामुखलाई हुनेछ र निजको निर्णय अन्तिम हुनेछ । त्यस्तो निर्णयको जानकारी बैठकलाई दिनुपर्नेछ ।'

नियम २६१ ले यसलाई आन्तरिक कामकारबाही मानेको छ । र भनेको छ-'यस नियमावलीबमोजिम सम्पादन गरिने कामकारबाही सभा र समितिको आन्तरिक कामकारबाही मानिनेछ । यस सम्बन्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन पाइने छैन ।'

अर्थात, नियम २५९ बमोजिम अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सभा, समिति र सदस्यको हकमा नियमावली विशेष कानुनसरह लागु हुन्छ । यसको व्याख्या सभामुखले गर्छन् । यसलाई संसद्को आन्तरिक कामकारबाही मानिन्छ र कुनै पनि अदालतमा प्रश्न उठाउन पाइँदैन ।

सांसदहरूका अनुसार यो व्यवस्था सांसदको निलम्बनसँग समेत सम्बन्धित छ । सांसद पद निलम्बनसम्बन्धी व्यवस्था नियमावलीको नियम २४७ मा छ ।

सदस्यको पक्राउसम्बन्धी जानकारी दिने शीर्षकमा रहेको यो दफाको उपदफा १ मा भनिएको छ- 'संविधानको धारा १०३ को उपधारा (६) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम कुनै सदस्य पक्राउ गरिएको सूचना प्राप्त भएमा सभामुखले त्यसको जानकारी सदनलाई तत्काल दिनेछ ।'

संविधानको धारा १०३ अनुसार संघीय संसद्को कुनै पनि सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन अन्त्य नभएसम्मको अवधिभर पक्राउ गरिने छैन । 'तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई संघीय कानुन बमोजिम पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन,' सोही धारामा भनिएको छ- 'त्यसरी कुनै सदस्य पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त दिनु पर्नेछ ।' अर्थात् फौजदारी अभियोगमा सांसद पक्राउ पर्न सक्दछन् । यस्तो सूचना प्राप्त गरेपछि संसद् सचिवालयले त्यसको जारी अधिवेशन चलिरहेको भए सभामा र अधिवेशन नचलिरहेको भए सूचना निकाल्नेछ ।

प्रतिनिधिसभा नियमावलीको नियम १४७ को उपनियम ३ मा सांसद पद निलम्बनको व्यवस्था छ । जहाँ भनिएको छ, 'प्रचलित कानुनबमोजिम तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई निज पुर्पक्षका लागि थुनामा रहेकोमा त्यस्तो थुनामा रहेको अवधिभर वा अदालतको आदेश बमोजिम पुर्पक्षका लागि थुनामा बस्नु पर्नेमा त्यस्तो थुनामा नबसी फरार रहेको भएमा निजलाई सदस्यको हैसियतले कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त हुने छैन र त्यस्तो अवधिभर निज निलम्बनमा रहने र पारिश्रमिक, सेवा र सुविधासमेत स्थगित हुनेछ ।'

यसमा स्पष्टीकरण पनि दिइएको र भनिएको छ-'यस उपनियमको प्रयोजनका लागि 'अदालत' भन्नाले जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत सम्झनु पर्छ ।' अर्थात, तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई पुर्पक्षका लागि थुनामा रहेको अवस्थामा सांसद पद निलम्बन हुनेछ ।

पक्राउ भएको सांसदले सफाई पाएमा वा थुना मुक्त भएमा निलम्बन फुकुवा हुन्छ । थुनामा रहेको अवधिभर वा अदालतको आदेश बमोजिम पुर्पक्षका लागि थुनामा बस्नु पर्नेमा त्यस्तो थुनामा नबसी फरार रहेको भए पनि सांसद पद निलम्बन हुन्छ । निलम्बनसम्बन्धी यो व्यवस्था प्रतिनिधिसमा नियमावली २०७९ मा पनि थियो । यसपटक पनि यथावत् राखिएको छ ।

प्रतिनिधिसभा नियमावलीको नियम २४७ सांसद पद निलम्बनसम्बन्धी व्यवस्था छ । यसअनुसार पुर्पक्षका लागि सांसद थुनामा गएको अवस्थामा वा कैद मिनाहा गर्न बाँकी रहेको अवस्थामा सांसद पद निलम्बन हुन सक्दछ । यसबाहेक संविधानको धारा १०३ को उपधारा ६ अनुसार फौजदारी अभियोग लागेर पक्राउ परेको अवस्थामा के हुने प्रष्ट भनिएको छैन । फौजदारी अभियोगमा पक्राउ परेको सूचना सभालाई दिनुपर्ने व्यवस्था छ ।

यहाँनेर भ्रष्टाचार र सम्पति सुद्धीकरणको मुद्दा लागेको अवस्थामा के हुन्छ भन्ने प्रश्न अन्तरनिहित छ । प्रतिनिधिसभा नियमावली २५९ अनुसार सांसदको हकमा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि यही नियमावली संघीय कानुनको रूपमा रही विशेष कानुनसरह लागू हुन्छ ।

» *बाँकी ३ पेजमा*

# रूपन्देहीका शैक्षिक परामर्श केन्द्रहरूमा किन भएन अनुगमन ?

**संघीय शिक्षा मन्त्रालयले हालै सार्वजनिक गरेको सूचीमा आर्थिक वर्ष २०८२/०८३ मा रुपन्देहीमा जिल्लामा सञ्चालित करिब पाँच सयमध्ये १३ वटा कन्सल्टेन्सी मात्र नवीकरण भएका छन् ।**




**लुम्बिनी संवाददाता**

*बुटवल*

गृह मन्त्रालयले अवैधरूपमा सञ्चालनमा रहेका शैक्षिक परामर्श केन्द्र (कन्सल्टेन्सी) माथि आवश्यक कारबाही गर्न निर्देशन दिए पनि रुपन्देहीमा उक्त निर्देशन कार्यान्वयन भएको छैन । नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघको निवेदनका आधारमा गृह मन्त्रालयको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाले यही जेठ ६ गते देशभरका जिल्ला प्रशासन कार्यालयलाई निर्देशन पठाएको थियो । गृह मन्त्रालयको निर्देशनअनुसार विभिन्न जिल्लामा प्रशासनले अनुगमन गरी अवैधरुपमा काम गरिरहेका कन्सल्टेन्सी सञ्चालकलाई पक्राउ गरी कारवाही अघि बढाएको छ ।

रुपन्देही काठमाडौं उपत्यकापछि धेरै कन्सल्टेन्सी भएका जिल्लामा पर्छ । यहाँ भाषा प्रशिक्षण केन्द्रसहित करिब पाँच सय कन्सल्टेन्सीहरु सञ्चालनमा रहेका नेपाल शैक्षिक परामर्श संघ ( ईक्यान ) रुपन्देहीका संस्थापक अध्यक्ष देव कुँवरले बताए ।

संघीय शिक्षा मन्त्रालयले हालै सार्वजनिक गरेको सूचीमा आर्थिक वर्ष २०८२/८३ मा रुपन्देहीमा जिल्लामा सञ्चालित करिब पाँच सय मध्ये एक दर्जन कन्सल्टेन्सी मात्र नवीकरण भएका छन् । यो तथ्यांकले रुपन्देहीमा सरकारी मापदण्ड र नियम उल्लंघन गरेर ठूलो संख्यामा कन्सल्टेन्सीहरु निर्वाध सञ्चालनमा रहेका छन् ।

प्रशासनले नियमित प्रभावकारी अनुगमन र कारबाही नगर्दा अवैध र मापदण्ड पूरा नगरेका कन्सल्टेन्सीमार्फत् विद्यार्थीहरु ठगिने जोखिम बढेकाले संघीय सरकारको निर्देशन जिल्लामा कडाइका साथ लागू हुनुपर्ने अभिभावक संघ रुपन्देहीका अध्यक्ष लोकनाथ ज्ञवालीले बताए ।

'सरकारको स्वीकृति बिना विभिन्न एजेन्ट तथा कम्पनीहरूले विदेश अध्ययनका नाममा विद्यार्थी ठगी, गलत परामर्श र आर्थिक अनियमितता गरिरहेका छन्, तर रुपन्देहीमा यसको अनुगमन र कारवाही भएको कतै सुनिंदैन,' ज्ञवालीले भने-'गृह मन्त्रालयको परिपत्रअनुसार जिल्लामा तत्काल अनुगमन र कारबाही अघि बढाउनुपर्छ ।'

वैदेशिक अध्ययनका लागि जापान, अष्ट्रेलिया, अमेरिका, क्यानडा, बेलायत, कोरियालगायत मुलुकमा विद्यार्थी पठाउने नाममा गैरकानुनी गतिविधि बढेको गुनासो आउने गरेको ज्ञवालीले बताए ।

'सरकारले नियमित अनुगमन नगर्दा कतिपय कन्सल्टेन्सीहरुले विद्यार्थी र अभिभावकलाई भ्रममा पारेर आर्थिक शोषण गरिरहेका छन्,' ज्ञवालीले भने-'विभागीय मन्त्रालयबाट स्वीकृति नलिएका, नियमित नवीकरण नभएका संस्था र व्यक्तिमार्फत् सञ्चालन हुने कन्सल्टेन्सीले विद्यार्थीको भविष्यसँग खेलवाड गरिरहेका छन् यो कडाइका साथ नियन्त्रण आवश्यक छ ।'

कन्सल्टेन्सीहरूले विद्यार्थीबाट लिने सेवा शुल्क वापत भ्याट बिल काटेर दिनुपर्ने अध्यक्ष ज्ञवालीको माग छ ।

सरकारी मापदण्ड पूरा गरेका बुटवलका एक कन्सल्टेन्सी सञ्चालकले अन्य शहरमा अनुगमन र कारबाही भइरहँदा रुपन्देहीमा किन नभएको भन्ने प्रतिप्रश्न गरे । 'अन्यत्र अनुगमन हुँदा रुपन्देहीमा नहुनुले आशंका र प्रश्नहरु उठेका छन्, तसर्थ अविलम्ब अनुगमन हुनुपर्छ ।'-उनले भने ।

उनले सरकारी शिक्षक, प्राध्यापक समेतले कन्सल्टेन्सीमा अदृश्य साझेदारी गरी आफ्ना विद्यार्थीलाई प्रभावित गरेर आर्थिक लाभ लिइरहेकाले यसलाई रोक्न अनुगमन र कारबाही अपरिहार्य भएको बताए ।

रुपन्देहीका शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण केन्द्र (कन्सल्टेन्सी) हरू मध्ये अधिकांश सरकारले तोकेको मापदण्ड पूरा नगरी सञ्चालनमा रहेको पाइएपछि यसअघिका प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डेले १० बुँदे मापदण्डको विवरण अद्यावधिक गरेर बुझाउन एकहप्ते अल्टिमेटम दिएका थिए । गत आर्थिक वर्षको साउनमा भएको अध्ययनमा जिल्लाका १६ वटा कन्सल्टेन्सी मात्र मापदण्ड पूरा गरी दर्ता भएर सञ्चालनमा रहेको पाइएको थियो ।

» *बाँकी ३ पेजमा*

# दलित अधिकार कार्यान्वयनमा दलहरूको कमजोरी



बुटवल । दलित समुदायका संवैधानिक अधिकार व्यवहारमा अझै पूर्णरूपमा कार्यान्वयन हुन नसकेको भन्दै राजनीतिक नेतृत्व, राज्य संयन्त्र र सरोकारवाला निकाय जिम्मेवार बन्नुपर्नेमा वक्ताहरूले जोड दिएका छन् ।

जागरण मिडिया सेन्टरद्वारा आयोजित 'दलित समुदायका संवैधानिक अधिकार, कार्यान्वयनको अवस्था र राजनीतिक नेतृत्वको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रममा वक्ताहरूले संविधानले सुनिश्चित गरेका अधिकार अझै कागजमै सीमित भएको टिप्पणी गरेका हुन् ।

कार्यक्रममा नेकपा लुम्बिनी प्रदेश संयोजक एवं पूर्वमन्त्री सुदर्शन बरालले संविधानमा दलित समुदायका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, प्रतिनिधित्व र सामाजिक न्यायका अधिकार सुनिश्चित गरिए पनि कार्यान्वयन कमजोर रहेको बताए । उनले दलित समुदाय अझै पनि विभेद, छुवाछुत र आर्थिक पछौटेपनको मारमा रहेको उल्लेख गर्दै राज्यका सबै निकायले संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्न गम्भीर बन्नुपर्ने बताए ।

बरालले संविधान निर्माणका क्रममा दलित समुदायका अधिकारका विषयमा व्यापक बहस भएको स्मरण गर्दै अहिले ती अधिकार कार्यान्वयनका लागि राजनीतिक दलहरू स्पष्ट प्रतिबद्ध हुनुपर्ने जनाए । उनले दलित समुदायलाई केवल चुनावी एजेन्डाका रूपमा प्रयोग गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्ने धारणा राखे ।

नेकपा एमालेका प्रदेश सदस्य तेजेन्द्र केसीले दलित समुदायको अधिकार सुनिश्चित गर्न कानुनी व्यवस्था मात्र पर्याप्त नभएको बताए । उनले सामाजिक चेतना र राजनीतिक इच्छाशक्ति बलियो हुनुपर्नेमा जोड दिए । "संविधानले अधिकार दिएको छ, तर त्यसलाई कार्यान्वयन गर्ने दायित्व राज्य र राजनीतिक नेतृत्वको हो," उनले भने-"दलित समुदायलाई नेतृत्व तहमा पुऱ्याउन दलहरूले व्यवहारिक कदम चाल्नुपर्छ ।"

नेपाली कांग्रेसका जिल्ला सदस्य रवि विकले दलित समुदायका मुद्दालाई केवल भाषणमा सीमित राखेर नहुने बताए । उनले स्थानीय तहदेखि संघीय संरचनासम्म दलित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याए । "राजनीतिक दलहरूले दलित समुदायलाई प्रतिनिधित्वको अवसर दिएका छौं भन्ने मात्रै होइन, निर्णय गर्ने तहमा पुऱ्याउनुपर्छ ।"-उनले भने ।

जनता समाजवादी पार्टीकी केन्द्रीय सदस्य सावित्रा विकले संविधानले दलित महिलाका लागि विशेष अधिकार सुनिश्चित गरे पनि व्यवहारमा अझै उनीहरू दोहोरो विभेदमा परेको बताइन् । उनले दलित महिलामाथि हुने हिंसा, आर्थिक अभाव र सामाजिक बहिष्करण अझै चुनौतीका रूपमा रहेको उल्लेख गरिन् । "दलित महिलाको आवाज राज्यका नीति निर्माण तहसम्म पुग्न सकेको छैन," उनले भनिन्-"राजनीतिक दल र राज्य दुवैले यसतर्फ गम्भीर ध्यान दिनुपर्छ ।"

कार्यपत्र प्रस्तुत गर्दै अधिवक्ता पदम कार्कीले नेपालको संविधानले दलित समुदायलाई समानता, समानुपातिक समावेशिता, शिक्षा, रोजगारी र सामाजिक न्यायको अधिकार सुनिश्चित गरेको बताए । तर व्यवहारमा ती अधिकार कार्यान्वयनका लागि आवश्यक कानुन, बजेट र प्रभावकारी अनुगमन कमजोर रहेको उनको भनाइ थियो ।

कार्कीले जातीय विभेद तथा छुवाछुतविरुद्ध कानुनी व्यवस्था भए पनि घटनाहरू अझै भइरहेका उल्लेख गर्दै कानुन कार्यान्वयन गर्ने निकाय अझै संवेदनशील बन्न नसकेको बताए । उनले दलित समुदायका अधिकार कार्यान्वयनका लागि राजनीतिक नेतृत्व, प्रशासन र नागरिक समाजबिच समन्वय आवश्यक रहेको धारणा राखे ।

शान्ति समाजका पूर्व केन्द्रीय अध्यक्ष गोविन्द खनालले सामाजिक रूपान्तरणबिना संवैधानिक अधिकारको पूर्ण कार्यान्वयन सम्भव नहुने बताए । उनले दलित समुदायमाथिको विभेद केवल कानुनी विषय नभई सामाजिक मानसिकतासँग जोडिएको बताए । "समाजमा अझै जातीय विभेदका सोचहरू जीवित छन्," उनले भने-"त्यसलाई अन्त्य गर्न शिक्षा, चेतना र सामाजिक अभियान आवश्यक छ ।"

राष्ट्रिय मानवअधिकार आयोग लुम्बिनी प्रदेश प्रमुख सन्तोष आचार्यले दलित समुदायका अधिकार संरक्षणका लागि आयोगले विभिन्न अनुगमन र पहल गर्दै आएको बताए । उनले अझै पनि विभिन्न क्षेत्रमा जातीय विभेदका उजुरी आउने गरेको जानकारी दिँदै कानुन कार्यान्वयनमा राज्य थप जिम्मेवार हुनुपर्ने जनाए ।

आचार्यले संविधानले दिएको अधिकार कार्यान्वयन गर्न सबै तहका सरकारबिच सहकार्य आवश्यक रहेको बताए ।

» *बाँकी ३ पेजमा*




२०८३ जेठ १५, गते शुक्रबार
Friday May 29, 2026
दैनिक लुम्बिनी

## सम्पादकीय

# गणतन्त्रप्रति अपनत्वको आधार

जेठ १५ गते वंश परम्पराको शासन अन्त्य गरी नागरिकलाई सर्वेसर्वा भएको दिन । जनता रैतीबाट सार्वभौम नागरिक बनेको दिन । सात दसक लामो अथक संघर्षबाट प्राप्त उपलब्धिको खुशीयालीमा उत्सव मनाउने दिन । मुलुकमा २०६५ साल जेठ १५ गते गणतन्त्र स्थापना भएयता मुलुकमा धेरै परिवर्तन भएको छ । गणतान्त्रिक व्यवस्थालाई संस्थागत गर्न संविधान बन्यो । नेपालको संविधान २०७२ ले नै संघीय लोकतान्त्रिक गणतन्त्रलाई विधिवत रूपमा संस्थागत गऱ्यो । गणतन्त्र भनेको संसारको उन्नत शासन प्रणाली हो, जहाँ नागरिकले चुनेका प्रतिनिधिले शासन गर्छन् । ती जनप्रतिनिधि नागरिकप्रति जवाफदेही र जिम्मेवार हुनुपर्छ ।

२ सय ४० वर्षदेखि वंश परम्परामा आधारित शाहहरुले गर्दै आएको शासनको विधिवत अन्त्यभएपछि मुलुकको मुहार देखिने संविधान बनेको छ । संविधानमा मुलुकको विविधता प्रतिविम्बित भएको छ । संघीय नेपालको संविधानमा गणतन्त्र, समावेशिता, धर्म निरपेक्षता र संघीयता यी चार उपलब्धिका बारेमा प्रष्ट छ । यी चार उपलब्धीको जगमा मुलुकमा विकास र समृद्धिको खाका कोर्न प्रतिबद्ध हुनु नै राजनैतिक र सामाजिक स्थिरताको बलियो आधार हो । संविधानका यी चार उपलब्धिमध्ये कुनै एकलाई चलाउन खोज्ने हो भने आगोको भुङ्ग्रोमा हात राख्नुझैं हो ।

प्राप्त उपलब्धिको रक्षा र परिष्कृत गर्दै संविधान कार्यान्वयनमा अघि बढ्नुको विकल्प छैन । अहिले संविधान संशोधनबारे बहस चल्न थालेको छ । सरकारले संविधान संशोधनको लागि कार्यदल बनाएर काम थालेको छ । यो कार्यदलले संविधानका चार उपलब्धिलाई चलाउन खोजे मुलुकमा अस्थिरताको बिउ रोपिने जोखिम भएकोले सरकार चनाखो बन्नुपर्छ । संविधान साध्य होइन्, साधन हो । साधनको सही परिचालन गरेर नागरिकका आकांक्षा पूरा गर्ने जिम्मेवारी शासन सञ्चालन गर्ने जिम्मा पाएका राजनैतिक दलको हो । राजनैतिक दल नागरिक आवाज बोल्ने पात्रहरुको संस्था भएकाले उपलब्धिको रक्षा र ती उपलब्धिलाई नागरिकको जीवनशैली बनाउन सधैँ जिम्मेवार हुनुपर्छ । संविधानमा नागरिकका अधिकार लिपिबद्ध भए, संविधानमा लिपिबद्ध भए भन्दैमा ती आफैँ कार्यान्वयन हुने होइनन् । संविधानको सही कार्यान्वयनले नै नागरिकले प्राप्त अधिकार उपभोग गर्न पाउने हुन् । संविधानअनुसार कानुनी प्रबन्धको अभावमा संघीय लोकतान्त्रिक गणतन्त्र पर्याप्त ढंगले संस्थागत भएको छैन । आवश्यक कानुनी प्रबन्ध गरी व्यवस्थालाई संस्थागत गर्न सक्दा नै नागरिकले अपनत्व गर्न सक्छन् । नागरिक आकांक्षा पूर्ति हुनसक्छ ।

जेनजी आन्दोलन र विध्वंशपछि चुनावबाट नयाँ नेतृत्व आएको छ । यो नेतृत्वप्रति अपेक्षा, आशा र केही आशंका छन् । सरकारले नागरिकका अपेक्षा र आशा पूरा गर्न जिम्मेवार भूमिका देखाउनुपर्नेमा आशंकाको बाटो रोजेको छ । संसदबाट प्रधानमन्त्रीको रोजाई संसद छैन । कानुन निर्माण संसदबाट नभई अध्यादेश ल्याएर संसदलाई ताली बजाउने ठाउँ बनाउनु गलत हो । दुई वटा संसदको सत्र चलिसकेका छन् । प्रधानमन्त्री संसदमा बोल्दैनन् । लोकतन्त्र पारदर्शी शासन भएकाले नागरिकले सरकारले गर्न लागेको कामबारे थाहा पाउनुपर्छ । गणतन्त्रमा नागरिक सर्वेसर्वा हुन्छन्, त्यसैले नागरिकको आकांक्षा पूर्ति गर्न निर्वाचित जनप्रतिनिधिका हरेक गतिविधि पारदर्शी हुनुपर्छ, यो अपेक्षाप्रति बेवास्ता गर्ने प्रवृत्तिले अन्ततः व्यवस्थालाई कमजोर बनाउने छ, त्यसैले प्रधानमन्त्री संसदप्रति जवाफदेही हुनुपर्छ । प्रधानमन्त्रीलाई संसदप्रति जवाफदेही बनाउन राष्ट्रिय स्वतन्त्र पार्टीको भूमिका प्रधान हुनुपर्छ । निर्वाचित जनप्रतिनिधि उत्तरदायी बन्दा नै गणतन्त्रप्रति नागरिकले अपनत्व गर्ने आधार खडा हुन्छ ।

# फेरि देशमा प्रतिगमनको खतरा



विनबहादुर कुँवर

नेपालमा पनि हरेक प्रतिगमन विरोधी आन्दोलनले केही नयाँ र उन्नत सामाजिक राज्य व्यवस्थाको स्थापना हुँदै आएको छ। जस्तो २०१७ सालको प्रतिगमनपछि २०४६ सालमा संवैधानिक राजतन्त्रसहितको बहुदलीय संसदीय राज्य व्यवस्था अनि ज्ञानेन्द्र शाही प्रतिगमन विरोधी आन्दोलनले संघीय गणतन्त्र त्यस्तै अबको यो बालेन प्रतिगमन विरोधी आन्दोलनले यो भन्दा अझ उन्नत र अग्रगामी जनगणतन्त्रको अर्थात् नयाँ जनवाद हुँदै समाजवाद स्थापनाका लागि नयाँ मार्ग बन्दैछ।

समाजको विकास क्रममा पटक-पटक अग्रगमन र प्रतिगमन वा क्रान्ति र प्रतिक्रान्ति हुन समाज विकासको ऐतिहासिक नियम नै हो । समाजको विकास सिधा होइन, एक किसिमको तलमाथि अर्थात् बर्तुलाकार प्रक्रियाको रुपमा विकास हुँदै जान्छ। यो समाज विकासको प्रक्रियालाई लेनिनले भन्नुभएको छ-'विकास अर्थात् विगत चरणहरुको पुनारावृत्ति र अर्कै बढी उच्च आधारमा पुनारावृत्ति (नकारको नकार) अर्को शब्दमा भन्ने हो भने विकास सोझो पंक्तिमा नभई बर्तुलाकार चक्रको विकास ।' ठीक यो विश्वका हरेक राष्ट्रहरुको समाज विकासमा हुँदै आएको छ । स्वयं हाम्रै देशको समाज विकास क्रममा त्यससँग सम्बन्धित हरेक राजनीतिक घटनाहरुमा देखिंदै आएको छ ।

उदाहरणका लागि २००७ सालको परिवर्तनपछि २०१७ सालमा अर्थात् १०७ वर्षे निरंकुश जहानियाँ राणा शासनको अन्त्य भई २००७ सालमा संवैधानिक राजतन्त्रसहितको प्रजातन्त्र अर्थात् संसदीय राज्यव्यवस्थाको थालनी भयो । बहुदलीय शासन व्यवस्थाअन्तर्गत तत्कालीन पहिलो संसदीय दल नेपाली कांग्रेसले २०१५ सालमा संसदको दुई तिहाई बढी सदस्य संख्याअन्तर्गतको सरकार बन्यो । तर त्यसलाई २०१७ सालमा तत्कालीन राजा महेन्द्रले 'फौजी कु' गरी फेरि आफ्नै निरंकुश शासन सत्ता देशमा लाद्ने काम गरे । माथि भने जस्तै 'विगत चरणको पुनरावृत्ति अर्थात् निरंकुश जहानियाँ राणा शासनको सट्टामा एकल निरंकुश शाही दरबारिया शासन सत्ता जबर्जस्त देशमा लागू गर्ने काम भयो ।'

त्यसपछि २०४५/०४६ सालमा यसका विरुद्ध फेरि संसदीय राज्य व्यवस्थाका लागि जनआन्दोलन भयो । त्यसले निरंकुश पञ्चायती व्यवस्था र निरंकुश शाही शासनको अन्त्य गरी पुनः संसदीय राज्य व्यवस्थाको थालनी भयो । फेरि तत्कालीन राजा वीरेन्द्रको वंशनासपछि ज्ञानेन्द्र राजा बने । तर उनी विस्तारै निरंकुश शासकको रुपमा देखिए । जसले चालु संसदीय व्यवस्थालाई विघटन गरी आफैँ देशको प्रमुख शासक बन्न पुगे । अन्त्यमा उनका विरुद्ध पनि तत्कालीन विद्रोही माओवादीलगायतका सात राजनीतिक दलहरुको सक्रियतामा पुनः २०६२/०६३ सालमा जनविद्रोहको थालनी भयो । त्यसले निरंकुश राजा ज्ञानेन्द्रलाई अपदस्त गरी देशमा संघीय गणतन्त्रको थालनी भएको हो ।

फेरि अहिले यसको विकल्पमा देशमा पुनः राजतन्त्र फर्काउन आवाज उठ्न थालेको छ । यस्तो प्रतिगामी आवाज यसभन्दा पहिले पनि नउठेको होइन, त्यो अत्यन्त नगन्य केही मुठ्ठीमा पुराना पञ्चे, मण्डले र दरबारियाहरुमा मात्र सीमित रहेको थियो । तर अहिले यसको आकार केही बढ्न थालेको छ । स्वयं यही राज्य व्यवस्थाअन्तर्गत संसदीय चुनावी प्रक्रियाबाट सत्तासीन दल नेताहरु नै राजतन्त्रको पक्षमा देखिन थालेका छन् । स्वयं रावस्पाका संसदीय दल नेता तथा प्रधानमन्त्री बालेन शाहकै केही हाउभाउ त्यस्तै देखिन थालेको छ । उनको कुनै पुरानो गीत बोललाई अहिले अनलाइन मिडियाहरुमा भाइरल बनाउन थालिएको छ । विभिन्न फेसबुक टिकटक आदिमा उनको फोटोसहित अब देशमा हिन्दु अधिराज्यसहितको संवैधानिक राजतन्त्र कि संघीय गणतन्त्रसहितको राष्ट्रपति के छान्ने विषयमा जनमत दिन भनिएको छ । यो कतै बाख्रो हराएको बाघ कराएको भने जस्तै गणतन्त्र विरोधी संकेत त होइन ? प्रश्न व्यापक उठ्न थालेको छ ।

केही दिन पहिले सदनमा प्रस्तुत सरकारद्वारा आगामी प्रस्तुत नीति तथा कार्यक्रम राष्ट्रपतिद्वारा बाचन गरिरहँदा एकाएक प्रम बालेन त्यहाँबाट बाहिरिए । आफ्नै प्रस्तुत र आफ्नै कार्यक्रम, तर त्यो नसुनी वा त्यसप्रति कुनै मतलब नै नगरी त्यहाँबाट प्रधानमन्त्री बाहिरिनु यो संसदीय परम्परा र मान्यताप्रतिको यसको घोर अपमान र विष्तृणा हो । त्यसको चारैतिरबाट विरोध र टिप्पणी भयो र भइरहेको छ । तर प्रमको त्यसमा कुनै आपत्ति र प्रतिक्रिया नै छैन । अझ उल्टै त्यतसमा विपक्षीद्वारा उठाइएका प्रश्नको स्पष्टीकरण र प्रतिउत्तर दिन समेत उनी त्यहाँ आएनन् । त्यस्तै जेठ १५ गते हुने गणतन्त्र दिवसमा समेत प्रम बालेन त्यहाँ नजाने बताउँदै उक्त समारोहमा सरकारबाट देशबासी आम जनताका नाम दिने विशेष सन्देश पनि नदिई उल्टै राष्ट्रपतिलाई नै त्यो दिन भनेका छन् । यसबाट प्रष्ट के बुझिन्छ भने वर्तमान राज्य व्यवस्थाअन्तर्गतको यो गणतन्त्रप्रति उनको लगाव छैन उल्टै बढी विष्तृणा मात्रै छ । यो उनको व्यवहार जुन थालमा खायो त्यही थालमा थुक्ने मात्रै होइन आची नै गर्ने खालको देखिन थालेको छ । अर्थात् जुन राज्य व्यवस्थाको चालु गणतन्त्रअन्तर्गत उनी पार्टी निर्माण गरी निर्वाचित संसदबाट प्रधानमन्त्री बने आज त्यही गणतन्त्रलाई बेकार ठान्ने र त्यसका विरुद्ध यस्तो असंवैधानिक हर्कत गर्ने यस्ता प्रधानमन्त्रीलाई जति घृणा र निन्दा गरे पनि कमी नै हुन्छ । धिक्कार छ यस्ता व्यक्तिलाई प्रधानमन्त्री बनाउने घण्टी पार्टी अनि घण्टीमा छाप नेता कार्यकर्ता र मतदाताहरुप्रति पनि ।

अझ अहिले अर्को झुटको खेती विभिन्न अनलाइन मिडियामा पूर्व राजा वीरेन्द्रको वंशनाश प्रचण्ड र तत्कालीन माओवादी पार्टीले गरेको भन्ने प्रचारप्रसार भइरहेको छ । आजसम्म आम नेपाली जनताहरुमा साम्राज्यवादी र विस्तारवादीहरुको इशारामा नेपाली सेनामार्फत् यो पूर्व राजा ज्ञानेन्द्र र उनका छोरा पारसबाट भएको आम बुझाई हुँदै आएको छ । अब यो सब दोष र अपराध प्रचण्डमाथि थोपरेर ज्ञानेन्द्र-पारसलाई चोखाउने षड्यन्त्र भइरहेको छ । केही दिन पहिलेदेखि अझ खासगरी सदनमा प्रस्तुत नीति तथा कार्यक्रम राष्ट्रपतिद्वारा वाचन गर्दा गर्दै सदनबाट प्रम बालेन बाहिरिएका दिनदेखि पूर्व राजा ज्ञानेन्द्रले उनको समर्थन र प्रशंसा गर्न थालेका छन् । आखिर माथि भने जस्तै बाख्रो हराएको बाघ कराएको प्रसंग यहाँ पनि मिल्न थालेको छ । यसभन्दा पहिले पनि पटकपटक मैले बालेन-ज्ञानेन्द्र पथमा भन्दै आएको थिएँ । नभन्दै अब यो दिनप्रतिदिन पुष्टि हुँदै जान थालेको छ ।

बालेन शाह प्रधानमन्त्री भए लगत्तै वर्तमान संविधान संशोधनका लागि एउटा आयोग बनाइएको छ । त्यसको संयोजक राजतन्त्रका कट्टर हिमायती असिम शाहलाई बनाएको छ । अब त्यस्ताबाट बनाइने संविधान संशोधनको प्रस्ताव कस्तो होला ? सहज अनुमान गर्न सकिन्छ । त्यस्तै अहिले संविधान संशोधनको चर्चासहित यो कसरी पारित हुन्छ ? भन्ने बहस हुन थालेको छ । त्यसमा सत्ता पक्षीयहरुले प्रतिनिधिसभाको दुई तिहाई बहुमत भए पुग्छ भने छ भने प्रतिपक्ष तथा विभिन्न संवैधानिक कानुनका जानकारहरुले प्रतिनिधिसभाको दुई तिहाई बहुमतले मात्रै हुँदैन त्यसका लागि राष्ट्रियसभा सदस्यहरुको पनि त्यस्तै बहुमत हुनुपर्ने बताएका छन् । किनकि प्रतिनिधिसभामा रास्वपाको दुई तिहाई बहुमत पुगे पनि राष्ट्रियसभामा त्यो छैन । त्यति मात्रै होइन अहिले माथि भने जस्तै प्रम बालेन शाह केही अनलाइन स्टाटसमा बताइए जस्तै राजासहितको हिन्दु अधिराज्य नेपाल कि गणतन्त्र नेपालको बारेमा राय सल्लाह माग्ने मात्रै होइन उस्तै परे प्रम बालेन शाह वर्तमान संविधानको भाग १२ धारा २७५ मा व्यवस्था भए जस्तै 'जनमत संग्रह' गर्न गराउनमा समेत कस्सिने देखिन्छ । त्यसको उपधारा १ मा भनिएको छ-'राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भने संघीय संसदमा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यहरुको बहुमतबाट निर्णय भएमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय गर्न सकिन्छ ।' तर यो संविधानमा उल्लेख भए पनि पहिलो कुरा संविधानको धारा २७४ उपधारा १ अन्तर्गत उल्लेखित बुँदाहरुमा यस्तो संविधान संशोधन गर्न सकिने छैन भनिएको छ । यसअन्तर्गत संघीय गणतन्त्र स्वतः त्यो धारामा पर्दछ । संविधानको मूल प्रस्तावनामा नै यो स्पष्ट उल्लेख छ । दोस्रो यस प्रकारको निर्णयका लागि प्रतिनिधिसभाको दई तिहाई बहुमत भएर मात्र पुग्दैन राष्ट्रियसभा सदस्यहरुको पनि त्यस्तै बहुमत जरुरी छ ।

यस प्रकारको संवैधानिक प्रक्रियाले त्यो सम्भव नभए अरु जुनसुकै विकल्प जस्तो 'विद्रोह कु' नै गर्न समेत तम्सिने वातावरण यहाँ बनाइदै छ । जस्तो २०१७ को, त्यसपछि वीरेन्द्रको वंशनाश र ज्ञानेन्द्रको साथै गत भाद्र २३ र २४ को जेनजी विद्रोहको नाममा गरिएको 'राजनीतिक कु' जस्तै अर्को फौजी 'कु' हुने सम्भावना देखिंदैछ । मुख्य त नेपाली सेनाको भूमिका यसमा बढी हुने देखिन्छ । वर्तमान नेपाली सेना एसपीपी अमेरिकी सैन्य रणनीतिक परियोजनाको पक्षमा छ । एमसीसी त यहाँ लागू भइसकेको छ । जेनजी 'कु' पछि नेपाली सेनाले पूर्व राजा ज्ञानेन्द्रलाई सत्ताका लागि अफर गरेको थियो । त्यसलाई स्वयं ज्ञानेन्द्रले अस्वीकार गरेर मात्र रोकिएको हो । त्यसपछि स्वयं बालेनको निर्देशनमा जेनजीहरुसित वार्ता गरी सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री सेनाकै पहल कदमीमा बनाइएको हो । त्यस्तै हिन्दु राज्य र राजतन्त्रको पुनर्स्थापनाका लागि ज्ञानेन्द्र पनि पटक-पटक भारतीय शासकहरुसँग हारगुहार गरे र गरिरहेकै छन् । सम्भवत अब आसन्न रास्वपाका सभापति रवि लामिछानेको भारत भ्रमणको क्रममा यो विषय पनि त्यहाँ उठाइने छ । यसरी अन्ततः अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको आड भरोसा र समर्थन अनि नेपाली सेनाको सक्रियतामा फेरि अर्को २०१७ सालभन्दा अझ ठूलो राष्ट्रघाती र जनघाती लोकतन्त्र विरोधी 'कु' को लागि व्यापक तयारी हुँदैछ ।

अहिलेदेखि नै नेपाली सेना सुकुम्वासी लखेट्ने नाममा व्यारेक छोडी विभिन्न गाउँबस्ती र नगरहरुमा अड्डा जमाउन थालिसकेको छ । नेपालका हरेक गाउँ बस्ती र नगरहरुको हरेक गतिविधिका लिष्ट मगाउँदै र बुझ्दै छ । तर रास्वपा बाहेक अरु राजनीतिक दलहरुलाई यसको पत्तै छैन । आफू आफूमा अझ आफ्नै दलभित्र नै गुट-उपगुटबिचको लेनदेन, पद-प्रतिष्ठा र कुर्सीको हानथाप मात्र बढी भइरहेको छ। आखिर भाइ फुटे गबार लुटे भने जस्तो हुने यस्तै बेला हो । त्यसैले यो देशको राष्ट्रियता, स्वाभिमान र जनतन्त्रका लागि ठूलो संकट र खतराको घण्टी बज्नेवाला छ । यसका लागि देशका सम्पूर्ण देशभक्त, वामपन्थी र जनवादी शक्तिहरु जसरी हिजो २०३५/०३६ सालमा विद्यार्थी आन्दोलन २०४५/०४६ सालको संयुक्त जनआन्दोलन अनि २०६२/०६३ को संयुक्त जनविद्रोह गरे जस्तै एकजुट भई अघि बढौं ।

अन्त्यमा समाज विकासको क्रममा हुने प्रतिगमन अस्थायी र क्षणिक हुन्छ । तर अग्रगमन निरन्तर तलबाट माथि पुरानोबाट नयाँ उन्नत जस्तो आदिम साम्यवादबाट दास युग अनि पुँजीवादी समाजबाट समाजवादी समाज हुँदै साम्यवादसम्म । ठीक यो हरेक आन्दोलन र यसको विकासमा देखिन्छ । नेपालमा पनि हरेक प्रतिगमन विरोधी आन्दोलनले केही नयाँ र उन्नत सामाजिक राज्य व्यवस्थाको स्थापना हुँदै आएको छ । जस्तो २०१७ सालको प्रतिगमनपछि २०४६ सालमा संवैधानिक राजतन्त्रसहितको बहुदलीय संसदीय राज्य व्यवस्था अनि ज्ञानेन्द्र शाही प्रतिगमन विरोधी आन्दोलनले संघीय गणतन्त्र त्यस्तै अबको यो बालेन प्रतिगमन विरोधी आन्दोलनले योभन्दा अझ उन्नत र अग्रगामी जनगणतन्त्रको अर्थात् नयाँ जनवाद हुँदै समाजवाद स्थापनाका लागि नयाँ मार्ग बन्दैछ ।

# नेपालमा उच्च रक्तचापका बिरामीको संख्या बढ्दै



अस्वस्थकर खानपानका कारण उच्च रक्तचापका बिरामीको संख्या बढ्दै गएको छ। वयस्क नेपालीमा उच्च रक्तचापको दर २४.५ प्रतिशत रहेको छ ।

स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा निर्देशक डा. अनुज भट्टचनले अत्यधिक नुन र हानिकारक चिल्लो पदार्थको खानपान शारीरिक निष्क्रियता, धूम्रपान तथा मद्यपानको बढ्दो प्रयोग, मानसिक तनाव, वायु प्रदूषण तथा सहरीकरण जस्ता कारणहरुले उच्च रक्तचापको जोखिम निरन्तर बढिरहेको बताए ।

नेपालमा कुल मृत्युको करिब ७० प्रतिशत हिस्सा नसर्ने रोगहरूले ओगटेको छ । यसरी हुने मृत्युमध्ये मुटु तथा रक्तनली सम्बन्धी रोगबाट २७ दशमलव ३६ प्रतिशत रहेको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभर करिब १ दशमलव ४ अर्ब मानिस उच्च रक्तचापबाट प्रभावित छन् । यो संख्या निरन्तर बढ्दो छ ।

उच्च रक्तचाप प्रभावित व्यक्तिमध्ये ठूलो हिस्सा आफ्नो रोगको अवस्थाबारे अनभिज्ञ हुनु हो । विभिन्न उपायले उच्च रक्तचाप नियन्त्रण गर्न सकिने हुँदाहुँदै चारमध्ये एक जनाको मात्र रक्तचाप नियन्त्रणमा रहेको छ ।

दैनिक कम्तीमा ३० देखि ४५ मिनेट शारीरिक व्यायाम गर्ने, धूम्रपान तथा मद्यपानबाट टाढा रहने, पर्याप्त निद्रा र तनाव व्यवस्थापनमा ध्यान दिनसमेत स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आग्रह गरेको छ ।

# किन रोक्न हुँदैन पिसाब ? यस्ता छन् स्वास्थ्यमा पर्ने असरहरू

धेरै मानिसहरू व्यस्त दिनचर्या, शौचालयको अभाव वा बानीकै कारण पिसाब रोक्ने गर्छन् । कहिलेकाहीं रोक्नुले तत्काल कुनै ठूलो असर नपर्न सक्छ, तर बारम्बार यस्तो गर्दा गम्भीर स्वास्थ्य समस्या निम्तिन सक्छ ।

**कति समयसम्म पिसाब रोक्न सकिन्छ ?**

मानिसको पिसाब थैलीले करिब चार सयदेखि ६ सय मिलिलिटर पिसाब आरामदायक रूपमा थाम्न सक्छ । तर, जब पिसाब थैली भरिन्छ, शरीरले मस्तिष्कलाई खाली गर्न संकेत दिन्छ । बारम्बार यो संकेतलाई बेवास्ता गर्नाले पिसाब थैलीको कार्यक्षमता कमजोर हुन सक्छ ।

**लामो समय पिसाब रोक्दा हुने स्वास्थ्य जोखिमहरू**

१. **युटिआइ (पिसाब बग्ने मार्गमा संक्रमण)**

पिसाब रोक्दा पिसाब थैलीमा रहेका ब्याक्टेरियाहरू वृद्धि भएर संक्रमणको सम्भावना बढ्छ ।

महिलाहरूमा पिसाब नली छोटो हुने हुँदा युटिआइको जोखिम अझ बढी हुन्छ ।

जलन, बारम्बार पिसाब लाग्ने, धमिलो वा गन्धयुक्त पिसाब र पेटको तल्लो भागमा दुखाइ जस्ता लक्षणहरू संक्रमणका लक्षणहरू हुन् ।

२. **पिसाब थैली कमजोर हुने र राम्ररी काम नगर्ने**

बारम्बार पिसाब रोक्दा पिसाब थैलीका मांसपेशीहरू कमजोर हुन्छन्, जसले गर्दा पिसाब थैली पूरा खाली गर्न कठिन बनाउँछ । यसले गर्दा पिसाब फर्कने जस्तो अवस्था हुन सक्छ जसमा पिसाब फेरिसक्दा पनि पिसाब थैलीमा अझै पिसाब बाँकी रहन्छ, जसले गर्दा संक्रमण र पिसाब रोकेका कारण पत्थरी बन्ने सम्भावना बढाउँछ ।

३. **मिर्गौलामा असर**

लामो समयसम्म पिसाब रोकिराख्दा मिर्गौलामा फर्किएर दबाब पर्न सक्छ ।

यसले मिर्गौलामा संक्रमण वा दीर्घकालीन हानि निम्त्याउन सक्छ ।

समयमै उपचार नगरेमा मृगौलामा सदाका लागि असर पर्न सक्छ ।

४. **पत्थरी बन्ने खतरा**

पिसाब लामो समयसम्म पिसाब थैलीमा रहँदा त्यहाँ मिनरल र फोहोर पदार्थ जमेर पत्थरी बन्न सक्छ ।

यसले पिसाब गर्न कठिन पार्न सक्छ र कहिलेकाहीं शल्यक्रिया आवश्यक हुन सक्छ ।

५. **पिसाब नियन्त्रण गुमाउने समस्या तथा बढी सक्रिय पिसाब थैली**

पिसाब रोक्ने बानीले पिसाब थैलीको प्राकृतिक प्रक्रिया कमजोर पार्छ ।

यसले पिसाब नियन्त्रण गर्न गाह्रो बनाउन सक्छ वा बारम्बार पिसाब गर्नुपर्ने समस्या निम्त्याउन सक्छ ।

**कसलाई बढी जोखिम हुन्छ ?**

बारम्बार युटिआइ वा मर्गौला समस्या भएका व्यक्ति

गर्भवती महिलाहरू, जसमा हर्मोनल परिवर्तन तथा पिसाब थैलीमा दबाब बढी हुन्छ

वृद्ध व्यक्तिहरू, जसको पिसाब थैली नियन्त्रण क्षमता कमजोर हुन सक्छ

मधुमेह वा न्यूरोलोजिकल समस्या भएका व्यक्ति

**कति पटक पिसाब गर्नु उचित हुन्छ ?**

साधारणतया, वयस्कहरूले हरेक ३-४ घण्टामा पिसाब गर्नु उपयुक्त हुन्छ । लामो समय पिसाब रोक्नाले पिसाब थैलीमा अनावश्यक दबाब पर्न सक्छ र स्वास्थ्य जोखिम बढ्न सक्छ ।

**स्वस्थ युरिनरी प्रणालीका लागि के गर्ने ?**

संकेत आएको बेला पिसाब गर्न जानुहोस् ।

पर्याप्त पानी पिउनुहोस्, जसले ब्याक्टेरिया बाहिर निकाल्न मद्दत गर्छ ।

सरसफाइमा ध्यान दिनुहोस्, ताकि संक्रमणको सम्भावना कम होस् ।

क्याफिन र अल्कोहल कम सेवन गर्नुहोस्, किनभने यी पदार्थहरूले पिसाब थैलीलाई चिडचिडाहट गराउँछन् ।

ब्ल्याडर ट्रेनिङ अपनाउनुहोस्, जसले पिसाब नियन्त्रण सुधार गर्न मद्दत गर्छ ।

कहिलेकाहीं पिसाब रोक्नु हानिकारक नहुन सक्छ, तर बारम्बार यस्तो गर्दा गम्भीर स्वास्थ्य समस्या निम्तिन सक्छ ।

यदि तपाईंलाई निरन्तर पिसाबसम्बन्धी समस्या छ भने चिकित्सकसँग परामर्श लिनु उत्तम हुन्छ ।

स्वास्थ्य खबरबाट

# सीमा नाकाबाट हुने चोरी पैठारीलाई नियन्त्रण गर्दछौं : प्रजिअ अर्याल




बुटवल । जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले सिमानाकाबाट हुने चोरीलाई थप नियन्त्रण गरिने बताएका छन् । रुपन्देही व्यापार संघले बिहीबार संघको सचिवालयमा आयोजित स्वागत तथा परिचयात्मक कार्यक्रममा बोल्दै उनले भन्सार विन्दुबाट हुने चोरी पैठारीलाई सक्दो नियन्त्रण गर्न खोजिएता पनि गैर भन्सार विन्दुबाट हुने गलत गतिविधिलाई पनि नियन्त्रण गरिने बताए। कार्यक्रममा बोल्दै उनले उचित मूल्य र गुणस्तरबाट उपभोक्ताहरु ठगिन नहुने कुरामा नियमनकारी निकाय र निजी संस्थाहरुबिच समन्वय र सहकार्य जरुरी रहेको जनाए।

यस्तै कार्यक्रममा जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी उपरीक्षक जनकबहादुर शाहीले जिल्लाको शान्ति सुरक्षा र नागरिकको सुरक्षाका निम्ति प्रहरीले सक्दो भूमिका निर्वाह गरिरहेको बताउँदै पछिल्लो समयमा भइरहेको बढ्दो ह्याकरको समस्यामा सबैलाई सचेत रहन आग्रह गरे।

कार्यक्रममा रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले चोरी, पैठारी र तस्करीबाट व्यावसायीहरुलाई धेरै समस्या परेको बताउँदै राज्यको राजस्वमा पनि यसले असर परेकोले सम्बन्धित निकायको विशेष ध्यानाकर्षण हुनुपर्ने बताए।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारीले कृषिजन्य वस्तुमा देखिएको विशादीलाई नियन्त्रण गर्न खाद्य तथा गुणस्तरमा विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिँदै जिल्लाको शान्ति सुरक्षामा संघले सदैव हातेमालो गर्ने बताए।

कार्यक्रममा संघका निवर्तमान अध्यक्ष दिपकप्रसाद अधिकारी, ईलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरिक्षक निशान्त श्रीवास्तव, संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको थियो । कार्यक्रम रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालको अध्यक्षता, प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालको प्रमुख आतिथ्यता, वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारीको धन्यवाद एवं महासचिव प्रकाशराज पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो।

# लुम्बिनी सिटी कलेजमा अनुसन्धान आर्टिकल लेखन कार्यशाला

बुटवल। लुम्बिनी सिटी कलेजमा जेठ १३ र १४ गते दुई दिनको प्राध्यापक तथा कर्मचारीलाई लक्षित गर्दै अनुसन्धान आर्टिकल लेखन कार्यशाला भव्यतापूर्वक सम्पन्न भएको छ । कलेजको प्राङ्गणमा सञ्चालन गरिएको उक्त कार्यक्रममा कलेजका सम्पूर्ण प्राध्यापक तथा कर्मचारीको उत्साहजनक सहभागिता रहेको थियो। उक्त कार्यक्रम रिसर्च म्यानेजमेन्ट सेलद्वारा सञ्चालित तथा संयोजक विशाल कंडेल र सुजन ढकालको समन्वयमा सम्पन्न भएको हो।

उक्त कायशालाको उद्घाटन लुम्बिनी सिटी कलेजका अध्यक्ष तथा क्याम्पस प्रमुख प्रा.डा.गणेशप्रसाद पाठकले गरेका थिए । उनले शैक्षिक क्षेत्रमा अनुसन्धानको महत्वबारे प्रकाश पार्दै भने- " अनुसन्धानले ज्ञानको वृद्धि मात्रै होइन, समाजलाई सशक्त बनाउने कार्य गर्दछ।"

उक्त कार्यशालाको प्रमुख प्रशिक्षक त्रिभुवन विश्वविद्यालयका अंग्रेजी विभागका प्रा.डा.जीव लाल सापकोटाले अनुसन्धान पद्धतिका व्यवहारिक पक्षबारे प्रभावशाली प्रस्तुतिकरण गरेका थिए। उनले अनुसन्धानलाई शिक्षणसँग जोडेर व्यवहारिक प्रयोगमा कसरी उतार्न सकिन्छ भन्ने विषयमा सहभागीलाई मार्गदर्शन गरेका थिए । उनले अहिलेको प्रविधियुक्त अनुसन्धानात्मक प्रक्रियाहरुको व्यवहारिक पक्षहरुका बारेमा रोचक तथा प्रयोगात्मक सिकाइमा सबैको उत्साहजनक सहभागिता गराए।

त्यसैगरी लुम्बिनी सिटी कलेजका उपाध्यक्ष तथा प्यारामाउण्ट मा.वी.का प्राचार्य प्रा.डा.दामोदर भुसालले धन्यवाद ज्ञापन गर्दै सहभागी सबैलाई अनुसन्धान लेखनमा निरन्तर सक्रिय रहन आग्रह गरे। उनले अनुसन्धानात्मक लेखनले कलेजको तथा प्राध्यापक आफ्नो शैक्षिक प्रतिष्ठा अझै धेरै बढाउने कुरामा जोड दिए।

कार्यक्रम स.क्याम्पस प्रमुख नारायणप्रसाद भुसालले सञ्चालन गरेका थिए । उनले मन्तव्यमा अनुसन्धानात्मक लेखनले उच्च शिक्षाको क्षेत्रमा शैक्षिक गुणस्तरता बढाउन रीसर्च र डिभलोपमेन्टमा प्राध्यापक तथा कर्मचारी वर्गको सहभागिताले महत्वपूर्ण भूमिका निभाउने कुरामा जोड दिएको बताउँदै यस्ता कार्यक्रहरू निरन्तर गरिरहनकालागि लुम्बिनी सिटी कलेज सदैव तत्पर रहने जनाए।

कलेजमा बी.एस.सी. सी.एस.आइ.टी, बि.आइ.टी.एम. तथा बि.सि.ए. कार्यक्रमका अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई पनि यस्ता कार्यक्रमहरू गराइरहने जानकारी कलेज प्रशासनले जनाउँदै यस्ता शैक्षिक अनुसन्धान लेख लेखन कार्यशालाले सहभागीलाई सिर्जनात्मक सोँच र विश्लेषणत्मक क्षमाता बढाउने अवसर दिनुका साथै शैक्षिक जगतलाई नवीन दृष्टिकोण र गहिरो अध्ययनतर्फ प्रेरित गर्ने विश्वास दिलाएको छ।

# निसेलढोर-ढोरपाटन सडक स्तरोन्नति

ढोरपाटन । बागलुङ निसीखोला गाउँपालिका-५ निसेलढोर जोड्ने सडक कालोपत्र गरिएको छ। चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकार र निसीखोला गाउँपालिकाले विनियोजन गरेको रु ७२ लाख लगातमा ६ किलोमिटर सडक स्तरोन्नति गरिएको हो । नेपालको एकमात्र ढोरपाटन सिकार आरक्ष कार्यालयदेखि पश्चिममा रहेको निसेलढोर पर्यटकीय गन्तव्यका रुपमा प्रसिद्ध छ।

गण्डकी प्रदेश सरकारको रु ६० लाख र गाउँपालिकाको रु १२ लाखमा सडक स्तरोन्नति गरिएको निसीखोला गाउँपालिकाका सूचना अधिकारी डिलाराम बाँडा मगरले जानकारी दिए। बागलुङ जिल्लाकै सबैभन्दा विकट मानिने निसेलढोर छ वर्ष अगाडिमात्रै मोटरबाटोले जोडिएको थियो । यस वर्ष सडक फराकिलो, नाली निर्माण र केही ठाउँमा ग्राभेलिङको काम गरिएको उनले बताए।

आर्थिक वर्ष २०७६/७७ मा ढोरपाटनदेखि निसेलढोर जोडिएको थियो । ढोरपाटन नगरपालिका-९ को नवी, भुजी हुँदै मसखोलासम्म सडक राम्रो भए पनि त्यसभन्दामाथि सडक भासिने, हिलो हुने हुँदा गाडी नै गुड्न नसक्ने अवस्था थिएन । एमएस टीएएस इन्जिनियरिङ एन्ड कन्स्ट्रक्सले गत कात्तिक १२ गते जिम्मा पाएकामा वैशाख अन्तिम साता काम सकेको बाँठा मगरले बताए।

उनले भने-"सडक स्तरोन्नतिको काम जेठ अन्तिम साता सक्नुपर्ने म्याद थियो, तर निर्माण कम्पनीले बैशाखमै काम सक्यो, यहाँको सडक धेरै साँघुरो र अप्ठ्यारो हुँदा यात्रा गर्न कठिन थियो, अहिले सहज भएको छ, अब यो सडकमा बाह्रै महिना गाडी सञ्चालन हुन समस्या छैन।"

सडक साँघुरो र अप्ठ्यारो हुँदा निसेलढोरमा बर्खाको करिब पाँच महिना सडक ठप्प हुँदै आएको थियो । सडक स्तरोन्नति भएपछि स्थानीय खुसी भएका छन् । स्थानीय सम्झना रसाइलीले बर्खामा यातायता सञ्चालन नहुने हुँदा जेठमै पाँच महिनाका लागि खाद्यान्न ढुवानी गर्दै आएको भन्दै अब त्यो समस्या हट्ने आशा पलाएको बताइन् । अहिले गाउँसम्मकै सडक फराकिलो र व्यवस्थित बनेको उनको भनाइ छ।

"गाउँमा आउने सडक निकै अप्ठ्यारो हुँदा यहाँका जनताले धेरै दुःख पाएका थियौँ, अब त बर्खामा पनि गाडी चल्ने भयो", उनले भनिन्-"सडक खुलेदेखि अहिलेसम्म बर्खायाममा गाडी चल्न सकेको थिएन, यसपालि त सरकारले बाटो राम्रो बनाउनुभयो, गाडी आउला भन्ने लागेको छ।"

एक दशक अगाडिसम्म यहाँ बर्खाको समयमा मात्रै निसीबाट वस्तुभाउ लिएर बस्ने स्थानीय अहिले बाह्रै महिना निसेलढोरमा बस्न थालेका छन् । अहिले बर्खामा ३०० र हिउँदमा झन्डै १५० घरपरिवार निसेलढोरमा बसोबास गर्छन् ।

निसेलढोरमा आलु, स्याउ र सिमीलगायत कृषिजन्य उत्पादन राम्रो हुने तर सडकको दुरावस्थाका कारण बजारीकरणका लागि समस्या थियो । अब सहज हुने स्थानीय कुमबहादुर घर्तीले बताए। सडकको दुरावस्थाका कारण अहिलेसम्म स्थानीय उत्पादन बजारीकरण गर्न सकिएको छैन।

# 'पार्किङ्' शुल्कबाट सङ्कलित रकम शैक्षिक सुधारमा




गलकोट । बागलुङको प्रसिद्ध कालिका मन्दिर परिसरको 'पार्किङ्' शुल्कबाट सङ्कलन गरिएको रकमलाई शिक्षा क्षेत्रमा खर्च गर्न थालिएको छ।

कालिका भगवती गुठी व्यवस्थापन समितिले पार्किङ शुल्कबाट सङ्कलित रकमलाई विद्यालयको शैक्षिक सुधारमा खर्च गर्न दुई विद्यालमा रु चार लाखको अक्षयकोष स्थापना गरेको हो । व्यवस्थापन समितिले पदभार ग्रहण गरेको माघ महिनादेखि बैशाखसम्म सङ्कलित रकमबाट बालमन्दिर आधारभूत विद्यालय बागलुङ नगरपालिका-२ र रामरेखा आधारभूत विद्यालय बागलुङ नगरपालिका-१ रामरेखामा रु दुई/दुई लाखको अक्षयकोष स्थापना गरिएको बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र खड्काले जानकारी दिए।

उनले माघ महिनादेखि पार्किङ्बाट सङ्कलन भएको रु चार लाख रकमलाई विद्यालयको शैक्षिक सुधारमा खर्च गर्नका लागि विपन्न र गरिब परिवारका छोराछोरी पढ्ने विद्यालयमा अक्षयकोष स्थापना गरिएको जानकारी दिए । "पहिलो चरणमा दुई विद्यालयको कोष स्थापना गरेका छौँ, उक्त कोषको ब्याजबाट विद्यार्थीलाई शैक्षिक सामग्री खरिदमा सहयोग पुग्नेछ, पार्किङ् शुल्कबाट आएको रकमले दुई वटै विद्यालयमा कोष वृद्धि गरेर चार/चार लाख पुऱ्याइने छ", उनले भने-"मन्दिरको पार्किङ्बाट सङ्कलन भएको रकम यसअघि मानव सेवा आश्रमलाई प्रदान गरिएको थियो, अब जिल्लाका विपन्न परिवारका छोराछोरी अध्ययन गर्ने सामुदायिक विद्यालयमा उक्त कोष स्थापना गरिनेछ।"

समितिले आवश्यकताका आधारमा थप सामुदायिक विद्यालयमा क्रमशः 'कालिका भगवती गुठी अक्षयकोष' स्थापना गर्दै जाने जनाएको छ। उक्त कोषबाट गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छ। मन्दिरको सामाजिक उत्तरदायित्वअनुसार शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले कोष स्थापना गरिएको हो।

कोष स्थापनाले विद्यालयलाई केही राहत पुग्ने रामरेखा आधारभूत विद्यालयका प्रधानाध्यापक सिर्जना पौडेलले जानकारी दिइन् । विद्यालयमा सीमान्तकृत माझी समुदायका छोराछोरी, अपाङ्ग भएका विद्यार्थीसहित १३० जना विद्यार्थी अध्ययनरत रहेको उनले जानकारी दिइन्।

उनले अधिकांश विद्यार्थी निम्नआय भएका परिवारबाट भएकाले सहयोगको आवश्यकता रहेको बताइन्। उनले आगामी दिनमा पनि यस्ता सहयोगलाई निरन्तरता दिन आग्रह गरिन्।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्रबहादुर केसीले विद्यार्थीको पोसाक, खाजा, झोला तथा यातायातजस्ता आवश्यकता विभिन्न निकायको सहयोगबाट व्यवस्थापन गर्दै आएको उल्लेख गर्दै कालिका गुठीको सहयोग विद्यार्थीको उज्ज्वल भविष्यका लागि महत्वपूर्ण हुने जानकारी दिए।

समितिका अनुसार पार्किङ् व्यवस्थापनमा खटिएका कर्मचारीको खर्च कटाएर २०८२ माघदेखि २०८३ बैशाखसम्म चार लाख रकम सङ्कलन भएको कालिका मन्दिरले जनाएको छ।

हाल पार्किङ् शुल्क स्वेच्छिक राखिएको भए पनि सामान्यतया मोटरसाइकल रु १० देखि चारपाङ्ग्रे सवारीसाधनबाट रु ५० सम्म सङ्कलन हुँदै आएको छ। आर्थिक अवस्था कमजोर भए पनि अध्ययन गर्न इच्छुक विद्यार्थीलाई यस्तो अक्षयकोषले महत्वपूर्ण सहयोग पुग्ने उनको भनाइ छ।

# ओझेलमा 'सुन्दरादेवी' मन्दिर

दाङ । दाङको ऐतिहासिक तथा पर्यटकीय धार्मिकस्थल सुन्दरादेवी मन्दिर ओझेलमा परेको छ । त्यहाँ पुग्ने सडकबाटोको उचित व्यवस्था र प्रचारप्रसार नहुँदा उक्त मन्दिर ओझेलमा परेको हो।

जिल्लाको शान्तिनगर गाउँपालिका-३ सुकेकोटमा रहेको उक्त मन्दिरको लामो इतिहास भए पनि त्यसलाई प्रचारप्रसार गर्न नसकिएको स्थानीय अर्जुन विकले बताए। उनका अनुसार विसं १८५४ मा स्थापना भएको उक्त मन्दिरमा दर्शन गरेमा मनोकामना पूरा हुने विश्वास रहेको छ।

यहाँ सुन्दरादेवीको बास रहेको किंवदन्तीअनुसार धार्मिक हिसाबले महत्त्वपूर्ण रहेको विकले बताए। मन्दिर लेकमा रहेको र वरपरको हराभरा जङ्गलले पनि पर्यटकलाई लोभ्याउने गरेको छ । मन्दिर क्षेत्रबाट सिस्ने, मुक्तिनाथ, धवलागिरि, माछापुच्छ्रे, जलजलालगायतका हिमाल देख्न सकिन्छ।

"सुन्दरादेवीले बास गरेको भएर यहाँ जे माग्यो त्यो पूरा हुन्छ भन्ने जनविश्वास छ", उनले भने-"त्यतिमात्रै होइन, यहाँबाट विभिन्न हिमाल, तराई, पहाडसमेत हेर्न सकिन्छ, त्यसैले पनि यहाँ पर्यटनको केन्द्र बन्नसक्छ।"

मन्दिरका पुजारी लोकप्रसाद उपाध्याले मनोकांक्षा पूरा हुने जनविश्वाससहित यहाँ दशैँको पञ्चमीदेखि अष्टमीसम्म वर्षमा दुईपटक मेला लाग्ने गरेको जनाए। शान्तिनगर गाउँपालिकाको प्रशासनिक केन्द्रबाट मन्दिर करिब ११ किलोमिटर टाढा उत्तरतर्फको पहाडी भूभागमा रहेको छ। त्यहाँ पुग्ने सडकको स्तरोन्नति नहुँदा आधा घण्टामै पुग्न सकिने भए पनि हाल घण्टौँ लाग्ने गरेको छ।

हाल यस स्थानमा मन्दिरसहित एउटा धर्मशाला निर्माण भए पनि मन्दिरको संरक्षण, संवर्द्धन र विकासमा उचित ध्यान नगएको स्थानीयहरूको गुनासो छ । शान्तिनगर गाउँपालिकाका अध्यक्ष प्रमोद बस्नेतले मन्दिरमा भौतिक संरचना निर्माण, मर्मतसम्भार तथा रङरोगनका लागि गाउँपालिकाबाट रु १५ लाख रकम विनियोजन गरी काम सम्पन्न भए पनि त्यो पर्याप्त नभएको बताए। धार्मिक पर्यटन विकास र पर्यटकीय क्षेत्र बन्ने प्रचुर सम्भावना रहेकाले प्रचारप्रसार, पक्की सडक निर्माण र अन्य पूर्वाधारका लागि आफूले पहल गरिरहेको उनले जनाए।

"अत्यावश्यक पूर्वाधारका साथै यहाँ होमस्टेसमेत निर्माण गर्ने योजना रहेको छ। यस्तै, प्याराग्लाइडिङको सम्भावना अध्ययन एवं परीक्षणका लागि तयारी भइरहेको छ, यसका लागि निजी क्षेत्रसँग समन्वय भइरहेको छ।"-अध्यक्ष बस्नेतले भने।

---

**सांसदलाई...**

यसको अन्तिम व्याख्या सभामुखले गर्नेछन् । त्यस्तो व्याख्यालाई आन्तरिक कामकारबाही मानिनेछ। यस सम्बन्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन पाइने छैन । अर्थात्, भ्रष्टाचार र सम्पति शुद्धीकरणको मुद्दा लागेको अवस्थामा पनि सांसद् निलम्बन हुने छैन। किनभने सांसदको हकमा यही नियमावली संघीय कानुनको रूपमा रही विशेष कानुनसरह लागू हुन्छ। यही प्रष्टताका लागि प्रतिनिधिसभा नियमावलीमा नियम २५९ थप गरिएको हो । विगतमा यस्तो प्रष्टता नभएका कारण राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको सांसद पद निलम्बन गर्ने आधार मिलेको बुझाईमा नियमावली मस्यौदा समितिका सदस्यहरूको बुझाइ छ।

सम्पत्ति शुद्धीकरणको अभियोग लागेपछि विघटित प्रतिनिधिसभामा लामिछाने निलम्बनमा परेका थिए। ७ पुस २०८१ मा लामिछानेविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय कास्कीले सम्पत्रि् शुद्धीकरण, संगठित अपराध र सहकारी ठगीसमेतमा गरी तीनवटा मुद्दा दायर गरेको थियो। लगत्तै ८ पुस २०८१ मा संघीय संसद् सचिवालयले सूचना निकालेर लामिछाने पदबाट निलम्बित भएको जानकारी गराएको थियो।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४ को दफा दफा २२ मा मुद्दा दायर भएपछि सम्पत्ति शुद्धीकरण मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वतः निलम्बन भएको मानिने व्यवस्था छ।

अहिले भने रवि लामिछानेविरुद्धको सम्पत्ति शुद्धीकरण मुद्दाको कास्की जिल्ला अदालतले फिर्ता लिइसकेको छ। यसबाहेक संविधान संशोधनको कार्यविधिसँग सम्बन्धित विषयमा पनि संशोधन राखिएको नेकपाकी सांसद बिकले जानकारी दिइन् । उनका अनुसार संशोधन प्रस्तावमार्फत् संसदीय विषयगत समितिको बैठक बस्न सम्बन्धित मन्त्रीको उपस्थिति अनिवार्य गर्न माग गरिएको छ।

**रुपन्देहीका...**

कन्सल्टेन्सीहरूले प्रचलित कानुनले तोकेका कार्यहरू बाहेक भिसा प्रोसेस, जागिरको ग्यारेन्टी र ट्राभल एजेन्सी र सहकारीसँग मिलेमतो गरी नक्कली कागजात बनाउने, मेनपावरले गर्ने काम व्यक्तिगत र संस्थागत रुपमै गरेको उजुरी पर्ने गरेका छन् । नियमविपरीत चलेका कन्सल्टेन्सीहरूले विद्यार्थीलाई भ्रामक विज्ञापन गर्ने, झुठा आश्वासन बाँड्ने, स्कूल र कलेजमै पुगेर ब्रोसियर बाँड्ने, कलेजका स्कूल र कलेजका शिक्षकलाई विद्यार्थी पठाएबापत कमिसन दिने, विद्यार्थीबाट चर्को शुल्क लिएर अध्ययनका लागि विदेश पठाउन प्रेरित गरेको पाइएको छ।

यसअघि रुपन्देही प्रशासनले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय वा लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट प्राप्त इजाजत/अनुमती पत्र,व्यवसाय दर्ता सम्बन्धमा स्थानीय पालिकाको व्यवसाय दर्ता प्रमाणपत्र अद्यावधिक गर्न भनेको थियो।

यस्तै कन्सल्टेन्सीका प्रशिक्षकको योग्यता न्यूनतम स्नातक उत्तीर्ण गरेको हुनुपर्ने, भाषा (आईएलटिएस) पढाउनेको हकमा कम्तिमा ७ अंक ल्याएको हुनुपर्ने, भाषा प्रशिक्षकको कागजात र करार सम्झौता (एन टु,आईएलटीएस, टीआईटीआई) र कम्तीमा स्नातक तह पास गरेको तालिम प्राप्त २ जना काउन्सीलरको व्यवस्था गरेको विवरण उपलब्ध गराउन प्रशासनले भनेको थियो।

यस्तै कम्पनी दर्ता प्रमाण पत्र, पान र भ्याट दर्ता प्रमाणपत्र सहित आन्तरिक राजश्व कार्यालयमा दर्ता गरेको विवरण (कर दाखिला, कर चुक्ता र कर विवरण पेश गरेको समेत देखिने कागजातहरू), अनुमति पत्र एवं व्यवसाय दर्ता प्रमाणपत्र नियमित नविकरणण भएको प्रमाण उपलब्ध गराउन प्रशासनले भनेको थियो । यस्तै परामर्शदाता तथा अन्य प्रशासनिक कर्मचारीको (करार सम्झौता समेत) को विवरण, घर भाडा सम्झौता र दाखिला, विदेशी प्रशिक्षक रहेको हकमा उसको श्रम स्वीकृति, राहदानी र भिसा म्याद भएको कागजातहरू, र शाखा सञ्चालनको अनुमति लिएको भए सो सम्बन्धी अनुमति पत्रको विवरण अद्यावधिक गर्न प्रशासनले आग्रह गरेको थियो।

हालै सरुवा भई आएका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले आफू भर्खर मात्र जिल्लामा आएकाले कन्सल्टेन्सीको बारेमा अध्ययन गर्न र बुझ्न बाँकी रहेको बताए। उनले नियम विपरित चलेका कन्सल्टेन्सीमाथि कारबाही गर्न गृह मन्त्रालयको निर्देशन पालनामा आफू प्रतिबद्ध रहेको बताए । संघीय शिक्षा मन्त्रालयले हालै सार्वजनिक गरेको सूचीमा आर्थिक वर्ष २०८२/०८३ मा रुपन्देहीमा जिल्लामा सञ्चालित करिब पाँच सयमध्ये १३ वटा मात्रै नवीकरण भएका उल्लेख छ । जसमा फेलिक्स इस्टर्न, बुटवल पौरखी, किजुना जापानिज स्टडी, फस्ट स्टेप बुटवल, एक्सपर्ट भैरहवा, रैनादेवी इन्टरनेसनल एजुकेसन र स्टडी वर्ल्ड रहेका छन् । यस्तै लुम्बिनी अष्ट्रेलियन कंगारु एजुकेसन, एजुकेसन लर्निङ सेन्टर भैरहवा, बौद्ध एब्रोड भैरहवा,एडुकेयर बुटवल, ग्रेस इन्टरनेसनल र ब्लु स्काई एब्रोड एजुकेसन रहेका छन् । देशभरका ७६० वटा कन्सल्टेन्सी नवीकरण भएका छन्। नवीकरण भएकामा करिब ८० प्रतिशत काठमाडौं उपत्यकाका छन्।

शैक्षिक परामर्श संघ रुपन्देहीका एक पूर्व पदाधिकारीले पछिल्ला वर्षहरुमा बुटवलका शैक्षिक परामर्श केन्द्रहरुमा बेथिति र विकृति मौलाएको स्वीकार गरे । प्रदेश सरकारले पनि कन्सल्टेन्सी दर्ता गर्न पाउने नियम आएको, तर त्यो कार्यान्वयनमा नआएकाले पनि बेथिति मौलाएको उनले औंल्याए । 'सरकारी मापदण्ड पूरा नगर्ने, नवीकरण नगर्ने, कतिपयले दर्ता समेत नगरी सञ्चालन गर्दा पनि अनदेखा गर्ने प्रवृत्तिले बेथिति मौलाएको हो, गलत गर्ने संस्थाहरुको बद्मासीले नियमसंगत राम्रो काम गरिरहेका संस्थाहरुलाई असर गरेको छ,' उनले भने-'बेथिति, विकृति रोक्न कानूनको पालना नै सबैभन्दा उपयुक्त विधि हो, कानुन सबैले पालना गर्नुपर्छ।'

**दलित...**

उनले दलित समुदायका अधिकारलाई मानवअधिकारको मूल प्रश्नका रूपमा हेर्नुपर्ने धारणा राखे।

कार्यक्रमकी आयोजक तथा जागरण मिडिया सेन्टरकी अध्यक्ष एवं संविधानसभा सदस्य कमला विश्वकर्माले संविधानले दलित समुदायलाई महत्वपूर्ण अधिकार दिए पनि व्यवहारमा ती अधिकार प्राप्तिका लागि अझै संघर्ष गर्नुपरेको बताइन् । उनले दलित समुदायका मुद्दालाई निरन्तर बहसमा ल्याउन सञ्चारमाध्यम र नागरिक समाजको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरिन्।

विश्वकर्माले दलित समुदायको राजनीतिक, सामाजिक र आर्थिक सशक्तीकरणका लागि सबै पक्ष एकजुट हुनुपर्ने बताइन्। उनले दलित समुदायका युवालाई नेतृत्व विकासमा जोड्नुपर्ने आवश्यकता औंल्याउँदै राजनीतिक दलहरूले समावेशितालाई व्यवहारमा लागू गर्नुपर्ने धारणा राखिन्।

कार्यक्रममा सहभागीहरूले संविधानले सुनिश्चित गरेका अधिकार प्रभावकारी रूपमा कार्यान्वयन नभएसम्म सामाजिक न्यायको लक्ष्य पूरा हुन नसक्ने बताएका थिए । उनीहरूले दलित समुदायमाथि हुने विभेद अन्त्य गर्न राजनीतिक नेतृत्व, राज्य संयन्त्र, नागरिक समाज र सञ्चारमाध्यमबिच सहकार्य आवश्यक रहेको निष्कर्ष निकालेका थिए।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**बकरी इदमा नमाज पढ्दैः**
बकरी इदको अवसरमा बिहीबार नेपालगञ्जको बीपी चोकस्थित इदगाहमा नमाज पढ्दै मुस्लिम समुदाय । तस्विरः रासस

# रवीन्द्रले रचे इतिहासः 'रोड टु यूएफसी'को सेमिफाइनलमा प्रवेश



बुटवल । नेपाली मिक्स मार्सल आर्ट्स (एमएमए) फाइटर रवीन्द्र ढाँटले प्रतिष्ठित 'रोड टु युएफसी' सिजन ५ को सेमिफाइनलमा स्थान बनाउँदै इतिहास रचेका छन् ।

चीनको मकाउस्थित ग्यालेक्सी एरेनामा सम्पन्न ब्यान्टमवेट विधाको क्वाटरफाइनल खेलमा फिलिपिन्सका फाइटर किम्बर्ट अलिन्टोजोनलाई पराजित गर्दै रवीन्द्रले सेमिफाइनलमा स्थान बनाएका हुन् ।

'बझाङको बाघ' उपनामले चिनिने ढाँटले किम्बर्टलाई दोस्रो राउण्डमै हराए । यस जितसँगै रवीन्द्रले व्यावसायिक एमएमए करियरमा १०औं जित हात पारे ।

उनले फिलिपिन्सका अनुभवी फाइटर किम्बर्टलाई लगातार दबाबमा राखे ।

भारतको 'मेट्रिक्स फाइट नाइट' (एमएफएन)मा च्याम्पियन बनेका रवीन्द्रले सुरुमा म्याटी इआनसँग प्रतिस्पर्धा गर्ने तय भएको थियो । तर, इआन घाइते भएपछि अन्तिम समयमा किम्बर्टसँग उनले प्रतिस्पर्धा गरेका हुन् । जितपछि ढाँटले विश्वभर रहेका नेपाली समर्थकलाई धन्यवाद दिँदै आगामी खेलहरुमा पनि यस्तै प्रदर्शन गर्ने बताए । उनको जितपछि प्रतियोगितास्थलमा 'जय नेपाल'को नारा गुञ्जिएको थियो ।

उनले पनि जितपछि 'जय नेपाल' र 'जय हनुमान' भनेर खुसी व्यक्त गरेका थिए ।

# मेरो विद्यालय, मेरो दायित्वबारे पूर्व विद्यार्थीसँग अन्तर्क्रिया



कञ्चन । गजेडी माध्यमिक विद्यालय, कञ्चन २ गजेडी रुपन्देहीले विद्यालयको पूर्व विद्यार्थीहरुसंगको सम्पर्कलाई निरन्तर कायम राख्दै विद्यार्थीमा भएका सिप, क्षमता, सहयोगलाई संस्थाको हितमा प्रयोग गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको मेरो विद्यालय, मेरो दायित्व विषयक अन्तरकृया कार्यक्रम सम्पन्न गरेको छ ।

लुम्बिनी प्रदेश सरकारको वार्षिक कार्यक्रमअन्तर्गत मेरो विद्यालय, मेरो दायित्व कार्यक्रम कार्यान्वयन गर्न सञ्चालन गरिएको उक्त अन्तर्क्रिया कार्यक्रममा बोल्ने विद्यालयका पूर्व विद्यार्थी तथा समाजको विभिन्न क्षेत्रमा कृयाशिल तथा स्थापित व्यक्तिहरुले विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक स्तरवृद्धिका लागि आवश्यक योगदान तथा दायित्व बहन गर्न प्रतिबद्ध रहेको विचार व्यक्त गरेका थिए ।

कार्यक्रममा पूर्व विद्यार्थीहरु निरोज पौडेल, श्रीकान्त बसौला, के.वि. धुवाँले, केदारप्रसाद पौडेल, नारायण न्यौपाने, तिलकराम लोध, चुडामणी पौडेल, चित्रलाल तुलाचन, हरिलाल पौडेल, हरिनारायाण थारु, टेकबहादुर गुरुङ्गलगायतले विद्यालयको हरेक पक्षको विकासका लागि विद्यालयको आवस्यकताअनुसारको योजना निर्माणदेखि कार्यान्वयन प्रकृयासम्म सबैको सहकार्य, समन्वय र सहयोगलाई संस्थाको नियमि सम्पत्तीको रुपमा विकास गर्न आवस्यक रहेको विचार व्यक्त गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि तथा वडा नं. २ का वडा अध्यक्ष टेकबहादुर गुरुङ्गले सामुदायिक विद्यालको सुधारमा उत्तरदायी प्रणालीको विकास गरी शिक्षामा सबैको पहुँच, सहभागिता र गुणस्तर सान्दर्भिकता अभिवृद्धि गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको उक्त कायर्यक्रमले विद्यालयको शैक्षिक गुणस्तरलाई माथि उठाउनका लागि भौतिक आर्थिक र शैक्षिक पक्षहरुमा समेत महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए ।

यसैगरी वडा नं. १ का वडा अध्यक्ष तथा पूर्व विद्यार्थी हरिनारायण थारुले कञ्चनको ऐतिहासिक विद्यालय भएपनि हरेक पक्षबाट यस भौतिक पूर्वाधार, आर्थिक तथा शैक्षिक कृयाकलापमा समेत उपेक्षित हुँदै गएको प्रति चिन्ता व्यक्त गरे । वडा अध्यक्ष थारुले यस विद्यालयमा पढेर राज्यको विभिन्न निकायहरुको निर्णायक तहमा पुगेका पूर्व विद्यार्थीहरुले आफ्नो क्षमता र पहुँचको आधारमा विद्यालयको सर्वाङ्गिण विकास गर्न योगदान र दायित्व पुरा गर्नु अनिवार्य कर्तव्य भएको विचार व्यक्त गरेका थिए ।

यसैक्रममा उक्त विद्यालयका प्रधानाध्यापक रेश्मा शर्मा वाग्लेले पूर्व विद्यार्थीहरुको वृहत् छलफलबाट विद्यालयमा अध्यनरत विपन्न वर्गका लागि छात्रवृत्ति प्रदानकालागि अक्षयकोष स्थापना गर्न, कापी कलम अन्य शैक्षिक सामग्री प्रदान कार्यक्रमका लागि लाइब्रेरी डोनेशन बैंक स्थापना गर्न, नविनतम प्रविधिको प्रयोग गर्ने शिक्षक सक्षमता सम्बन्धि तालिम सञ्चालन गर्न ।

शिक्षामा अभिभावकको संलग्नता वृद्धि गर्न अभिभावक गोष्ठी छलफल र अन्तर्क्रिया कार्यकम सञ्चालन गर्न सम्बन्धित निकायहरुमा आवश्यक पृष्ठपोषण प्राप्त हुने विश्वास उनले व्यक्त गरेका थिए ।

यस्तै विद्यालयका सहायक प्रधानाध्यापक चिरञ्जिवी गौतमले कार्यक्रममा सहभागी पूर्व विद्यार्थीहरुलाई स्वागत गर्दै मेरो विद्यालय मेरो दायित्व कार्यक्रमले सामूहिक प्रतिबद्धताको विकास गरी संस्थाको बृहत्तर हित कायम गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक सल्लाह र सहयोग प्राप्त हुने अपेक्षा गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गौरीशंकर सोनलको अध्यक्षता तथा शिक्षक बावुराम पौडेलको सञ्चालनमा भएको पूर्व विद्यार्थीहरुसंगको अन्तरकृया तथा छलफल कार्यक्रमले पूर्व विद्यार्थीहरुसंगको निरन्तर सम्पर्क र सम्बन्ध कायम राखी उनीहरुसंग भएको ज्ञान शिप, क्षमता र अनुभवहरुलाई विद्यालयको शैक्षिक वातावरणमा अझ परिमार्जत गरी भैतिक पूर्वाधार तथा आर्थिक पक्षमा समेत अब्बल बनाउन सहायक सिद्ध बन्ने आशा गरिएको पूर्व विद्यार्थी तथा कञ्चन गाउँपालिकाका प्रवक्ता चित्रलाल तुलाचनले आशा व्यक्त गरे ।

वि.सं. २०१९ सालमा तत्कालिन समयमा शिक्षाको विजारोपण गर्ने उद्देश्यका साथ पहिलो पटक विद्यालय स्थापना भएको उक्त विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरु राज्यको विभिन्न निकायहरुमा पुगेर निर्णायक तहको भूमिकामा पुग्न सफल भएका छन् ।

# तरूण दलले ६ दिनसम्म चीसो पानी बाँड्दै



बुटवल । जेनजी आन्दोलनपछि सुस्ताएका नेपालका पुराना राजनैतिक दलहरु र तिनका भातृ संस्थाहरुको गतिविधि शून्यप्रायः भैरहेको समयमा बुटवलमा नेपाल तरुण दलल निःशुल्क चीसो खानेपानी बाँडेर आफ्नो सुस्ताएको उपस्थितिलाई जगाउने प्रयास गरेको छ ।

नेपाल तरुण दल बुटवल उप-महानगरपालिका समितिको आयोजना र खसौली स्नुकर क्लबको सहयोगमा बिहीबारदेखि अत्यधिक गर्मीलाई मध्यनजर गर्दै सर्वसाधारणका लागि निःशुल्क चिसो खानेपानी वितरण कार्यक्रम सञ्चालन गरेको छ ।

यही जेठ १९ गतेसम्म हरेक दिन बिहान ११ बजेदेखि अपराह्न ४ बजेसम्म विभिन्न व्यस्त चोक तथा सार्वजनिक स्थानमा समितिले चिसो पिउने पानी वितरण गर्दै यात्रु, मजदुर, सर्वसाधारण तथा सवारी चालकलाई राहत प्रदान गरेको कार्यक्रम संयोजक थमन पुनले बताए ।

अत्यधिक गर्मीका कारण पानी किनेर खान नसक्ने नागरिकलाई पानी शरीरमा नहुँदा पर्न सक्ने समस्यालाई निराकरण गर्ने हेतु र सामाजिक उत्तरदायित्वअन्तर्गत यो अभियान सञ्चालन गरेको नेपाल तरुणदलका बुटवल सभापति सुजन पुनले जनाए ।

तरुणदलले आगामी दिनमा पनि यस्ता मानवीय तथा सामाजिक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता उनले व्यक्त गरेका छन् । बिहीबारदेखि सुरु गरिएको यो चीसो खानेपानी वितरण कार्य १४ र १५ गते बुटवलको राजमार्ग चौराहामा १६ र १७ गते बुटवलको बस पार्कमा र १८ र १९ गते बुटवलको देविनगर क्षेत्रमा खानेपानी वितरण गरिने आयोजकले बताएका छन् । विशेष गरी नागरिकहरुको बढी भिडभाड हुने स्थानलाई छनोट गरी कार्यक्रम तय गरिएको हो । स्थानीयवासीले गर्मीको समयमा गरिएको यस्तो कार्यले राहत मिलेको भन्दै नेपाल तरुणदल बुटवल उपमहानगर समितिको प्रशंसा गरेका छन् ।

# तिलोत्तमा सिद्धार्थचोकमा पुरुषोत्तममास माहात्म्यम् सुरु



बुटवल । रुपन्देहीको तिलोत्तमा नगरपालिका वडा नं. १ सिद्धार्थचोकमा पुरुषोत्तममास माहात्म्यम् सुरु भएको छ । मलमास पनि भनिने पुरुषोत्तममासको परम्परागत र धार्मिक मान्यताबारे समाजलाई स्पष्ट जानकारी गराउने र दान संकलन गरेर नवदुर्गा कोटघर मन्दिरको भौतिक पूर्वाधार सुधार गर्ने उद्देश्यले माहात्म्यम् कार्यक्रम आयोजना गरिएको हो ।

नवदुर्गा कोट घर मन्दिर समितिको आयोजनामा जेठ १८ गतेसम्म चल्ने गरी मन्दिर परिसरमा बिहीबार देखि माहात्म्यम सुरु भएको छ ।

माहात्म्यम शुरु हुनुअघि मन्दिर परिसरबाट झाँकीसहित शोभा कलश यात्रा भएको थियो । कलश यात्रा सिद्धार्थचोक, प्रगतिचोक, शान्तिनगर, प्रेमनगर, शिवचोक हुँदै मन्दिर परिसरमा आएर टुंगिएको थियो ।

कलश यात्रा समापनपछि एक कार्यक्रमबिच पुरुषोत्तममास माहात्म्यम्को लुम्बिनी प्रदेशसभा सदस्य चिन्तामणि पाण्डेले उद्घाटन गरेका हुन् । सो अवसरमा बोल्दै उनले यस्ता धार्मिक कार्यक्रमले समाजलाई अनुशासित र सकारात्मक बनाउने बताए ।

कार्यक्रममा महायज्ञका आर्थिक संयोजक हरिप्रसाद कंडेलले स्वागत गर्दै २०३५ सालमा स्थापना भएको नवदुर्गा कोटघर मन्दिरको भौतिक पूर्वाधार सुधार गर्ने उद्देश्यले माहात्म्यम् कार्यक्रम आयोजना गरिएको हुँदा सबैले स्वेच्छिक दान गरेर कार्यक्रम सफल बनाउन अनुरोध गरे ।

उद्घाटन कार्यक्रममा तिलोत्तमा १ का वडाध्यक्ष फर्सुराम गिरी,वडा सदस्य विणु पाण्डेलगायतले बोलेका थिए । पाँच दिनसम्म चल्ने माहात्म्यम् कार्यक्रम प्रमुख वाचकमा प्रकाश तिवारी र सहायक वाचकमा पण्डित बालकृष्ण न्यौपाने रहेको महायज्ञका संयोजक थानेश्वर कंडेलले जानकारी दिए । पुरुषोत्तममास माहात्म्यम्अन्तर्गत हरेक दिन राष्ट्रिय भजन गायक नारायण गौतमलगायतका कलाकारहरुको प्रस्तुतिले कार्यक्रम संगीतमय हुने मन्दिरका अध्यक्ष शंकरप्रसाद कंडेलले बताए ।

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com